# परिवार तथा बालबालिका सेवा विभाग

# पूरक पोषण सहायता कार्यक्रम-SNAP (फुड स्ट्याम्पहरू)

## जर्जिया

## (GEORGIA)

## मा

## GEORGIA मा फुड स्ट्याम्प (SNAP) कार्यक्रम

**तपाईंलाई यो कागजात पढ्न वा पूरा गर्न वा हामीसँग कुरा गर्न मद्दतको आवश्यकता पर्छ भने, हामीलाई अनुरोध गर्नुहोस् वा 1-877-423-4746 मा फोन गर्नुहोस्। दोभाषेहरू सहितका हाम्रा सेवाहरू नि:शुल्क छन्। तपाईं कान नसुन्ने, सुन्नमा कठिनाई हुने, कान नसुन्ने-दृष्टिविहीन वा बोल्न कठिन हुने हुनुहुन्छ भने, तपाईं हामीलाई 711 (Georgia Relay) डायल गरेर माथिको नम्बरमा फोन गर्न सक्नुहुन्छ।**

### फुड स्ट्याम्प (SNAP) कार्यक्रम भनेको के हो?

फुड स्ट्याम्प कार्यक्रम पनि भनिने पूरक पोषण सहायता कार्यक्रम (SNAP) भनेको खानाको खर्च भुक्तानी गर्नमा मद्दत गर्नको लागि न्यून-आम्दानी भएका घरपरिवारहरूलाई मासिक रूपमा लाभहरू उपलब्ध गराउने एक संघीय रूपमा अनुदान-प्राप्त कार्यक्रम हो। SNAP ले SNAP रोजगार तथा प्रशिक्षण (E&T) कार्यक्रममा सहभागी हुन चाहनुहुने प्राप्तकर्ताहरूलाई रोजगार र प्रशिक्षणका अवसरहरू प्रदान गर्दछ। कार्यक्रमले स्वस्थ खानपिन र स्वस्थ जीवनशैली प्रवर्द्धन गर्न न्यून-आम्दानी भएका घरपरिवारहरूलाई पोषणसम्बन्धी शिक्षा पनि प्रदान गर्दछ। SNAP आउटरिच क्रियाकलापहरू समुदाय साझेदार एजेन्सी र स्थानीय समुदाय खाद्य बैंकहरू मार्फत उपलब्ध गराइन्छ।

### घरपरिवार भनेको के हो?

घरपरिवार भन्नाले एक्लै बस्ने एक व्यक्ति, परिवार वा सँगै बस्ने र नियमित रूपमा खानाहरूसँगै खरिद गरी तयार गर्ने धेरै, असम्बन्धित व्यक्तिहरू हुन सक्छन्। सँगै बस्ने तर नियमित रूपमा खानाहरू खरिद गरी सँगै तयार नगर्ने निश्चित परिवार सदस्य वा व्यक्तिहरूलाई घरपरिवारमा समावेश गर्नुपर्दैन। उक्त व्यक्तिहरूको सामाजिक सुरक्षा नम्बर, अध्यागमनको स्थिति र नागरिकता मामिला कार्यकर्तालाई उपलब्ध गराउनुपर्दैन। व्यक्तिलाई घरपरिवारमा सम्मिलित गर्नुपर्छ वा पर्दैन भन्ने बारे निर्णय संघीय नियमनहरूमा आधारित हुन्छ।

### फुड स्ट्याम्प (SNAP) लाभहरूको लागि कसले आवेदन दिन सक्नुहुन्छ?

SNAP लाभहरूको लागि जोकोहीले आवेदन दिन सक्नुहुन्छ। कार्यक्रमले सीमित आम्दानी र स्रोतहरू भएका घरपरिवारहरूलाई मद्दत गर्छ। यसमा अस्थायी संकट अनुभव गर्ने घरपरिवारहरूका साथै गरीबी स्तर वा सोभन्दा कम आम्दानी भएका घरपरिवारहरू समावेश हुन्छन्।

## अधिकार-प्राप्त प्रतिनिधि भनेको के हो?

अधिकार-प्राप्त प्रतिनिधि भनेको तपाईं आफ्नो घरपरिवारको पक्षमा SNAP लाभहरू प्राप्त गर्न र/वा प्रयोग गर्न असमर्थ भएकोले सोही कार्य गर्न तपाईंको घरपरिवारले आवेदन दिन अनुमति दिएको व्यक्ति हो।

## तपाईंले कहाँ आवेदन दिने?

प्रत्येक काउण्टीमा परिवार तथा बालबालिका सेवा विभाग Department of Family and

Children Service (DFCS) कार्यालय छ। यो विभागले फुड स्ट्याम्प (SNAP) लाभहरूका

आवेदनहरू स्वीकार गर्छ।

तपाईंको स्थानीय काउण्टी कार्यालयको ठेगाना र टेलिफोन नम्बर पत्ता लगाउनको लागि अनलाइनमा काउण्टी सरकारी खण्ड अन्तर्गत हेर्नुहोस् वा **www.dfcs.dhr.georgia.gov/locations** मा जर्जिया परिवार तथा बालबालिका सेवा विभाग (DFCS) को वेबसाइटमा जानुहोस्।

## तपाईं कहिले आवेदन दिन सक्नुहुन्छ?

परिवार तथा बालबालिका सेवा विभागका सबै कार्यालयहरू सप्ताहन्त र बिदाहरू बाहेक, सोमबारदेखि शुक्रबारसम्म खुल्ला हुन्छन्। कार्यालय खुल्ने समय प्रायजसो बिहान 8:00 बजेदेखि साँझ 5:00 बजेसम्म हो।
तपाईंको क्षेत्रमा कार्यालय खुल्ने समयको लागि आफ्नो स्थानीय काउण्टी विभागलाई फोन गर्नुहोस्। अनलाइन आवेदनहरू जर्जिया गेटवे वेबसाइट मार्फत उपलब्ध छन्: www.gateway.ga.gov.

## तपाईंले लाभहरूको लागि कसरी आवेदन दिने?

लाभहरूको लागि आवेदन दिन, घरपरिवारको मुख्य व्यक्ति, घरपरिवारको सदस्य वा घरपरिवार प्रतिनिधित्व गर्ने अधिकार-प्राप्त व्यक्तिले सहायताका लागि आवेदन पूरा गर्न सक्नुहुनेछ। आवेदन तपाईंको स्थानीय काउण्टी परिवार तथा बालबालिका सेवा विभागबाट वा DFCS वेबसाइटबाट प्राप्त गर्न सकिन्छ। तपाईं आवेदन दिनको लागि गेटवे वेबसाइट वा स्थानीय DFCS कार्यालयमा जान, आवेदन आफ्नो घरको ठेगानामा पत्राचार गरिन कार्यालयमा अनुरोध गर्नको लागि फोन गर्न वा आफ्नो लागि फाराम ल्याइदिन

कसैलाई भन्न सक्नुहुन्छ। तपाईं यहाँ वेबसाइटमा फेला पार्नुभएको खाली आवेदनको प्रतिलिपि बनाउन सक्नुहुन्छ: www.dfcs.dhr.georgia.gov/foodstamps. फाराम पूरा गर्नुहोस् र आफ्नो स्थानीय काउण्टी कार्यालयमा पत्राचार वा फ्याक्स गर्नुहोस् वा आफैं लिएर जानुहोस्।

**तपाईंले लाभहरूको लागि अलाइनमा कसरी आवेदन दिनुहुन्छ?**

तपाईंले https://gateway.ga.gov/access/मा गेटवे वेबसाइट मार्फत फुड स्ट्याम्पहरू (SNAP) का लागि अनलाइनमा पनि आवेदन दिन सक्नुहुन्छ। गेटवेले अनलाइनमा फुड स्ट्याम्पहरूका लागि आवेदन दिन व्यक्तिहरूलाई अनुमति दिन्छ। अनलाइन खाता सिर्जना गर्ने आवेदकहरूले आफ्नो आवेदनको स्थिति जाँच्न सक्नुहुन्छ र गेटवे पूर्व-परीक्षण उपकरण मार्फत अन्य DHS कार्यक्रमहरूको लागि आफ्नो योग्यता पनि जाँच्न सक्नुहुन्छ। यसका अतिरिक्त, गेटवेले घर-परिवार परिस्थितिहरूमा परिवर्तनहरू रिपोर्ट गर्न र आफ्ना लाभहरू अनलाइन मार्फत नवीकरण गर्न फुड स्ट्याम्प प्राप्तकर्ताहरूलाई अनुमति दिन्छ।

**आवेदन दायर भएको कहिले मानिन्छ?**

आवेदनमा घरपरिवारको मुख्य व्यक्तिको नाम, ठेगाना, मिति र घरपरिवारको मुख्य व्यक्ति वा घरपरिवारको अर्को सदस्यको हस्ताक्षर सहित उक्त आवेदन स्थानीय काउण्टी कार्यालयद्वारा प्राप्त गरेको अवस्थामा आवेदन दायर गरिएको मानिन्छ। आवेदन स्थानीय परिवार तथा बालबालिका सेवा विभागमा व्यक्तिगत रूपमा, पत्राचार वा फ्याक्स वा अनलाइन मार्फत दायर गर्न सकिन्छ। आवेदन तपाईंको स्थानीय परिवार तथा बालबालिका सेवा विभागमा दायर *गर्नुपर्छ* तर कुनै पनि परिवार तथा बालबालिका सेवा विभागले तपाईंको आवेदन स्वीकार गर्न सक्छ। तपाईंले आवेदन पूर्ण रूपमा भर्ने प्रयास गर्नुपर्छ। तपाईंले आफ्नो टेलिफोन नम्बर र/वा ठेगाना दिन **एकदमै** महत्त्वपूर्ण हुन्छ जसकारण DFCS ले तपाईंलाई फोनद्वारा पहुँच गर्न सक्छ।

**आवेदन दायर गरेपछि के हुन्छ?**

DFCS को मामिला कार्यकर्ताद्वारा तपाईं वा घरपरिवारका सदस्य (वा तपाईंको घरपरिवाको लागि आवेदन दिन अधिकारप्राप्त कोही व्यक्ति) को अन्तर्वार्ता लिइएको हुनुपर्छ। अन्तर्वार्ता लिइएको व्यक्तिलाई तपाईंको घरपरिवारको परिस्थितिहरू बारे थाहा हुनुपर्छ। फोन अन्तर्वार्ता आवश्यक हुन्छ।

वृद्ध/असक्षमता भएका व्यक्ति वा कार्यालयमा आउन समस्याहरू अनुभव गरिरहेका व्यक्तिहरूले, अन्तर्वार्ता टेलिफोन, पूर्व-व्यवस्था मिलाइएको गृह भेट वा कार्यालय भेटद्वारा पूरा गर्न सक्नुहुन्छ। अन्तर्वार्ताहरू बारे पत्ता लगाउनको लागि आफ्नो स्थानीय काउण्टी कार्यालयमा सम्पर्क गर्नुहोस्।

**अन्तर्वार्तामा के हुन्छ?**

मामिला कार्यकर्ताले तपाईंलाई घरपरिवारका आम्दानी, स्रोत, भाडा वा धितो ऋण र उपयोगिता खर्चहरू बारे प्रश्नहरू सोध्नुहुनेछ। निश्चित घरपरिवारहरूलाई चिकित्सा खर्चहरू, बालस्याहार र बाल सहायता खर्चहरू बारे पनि सोध्नुहुनेछ। तपाईंको घरपरिवारको परिस्थितिको प्रमाण आवश्यक छ, त्यसैले तपाईंसँग निम्न जानकारी छ भने, तपाईं यसलाई आफूसँग ल्याउनुहोस्:

- ❖ तपाईंको परिचयको प्रमाण
- ❖ जन्मदर्ता प्रमाणपत्र, संयुक्त राज्यको राहदानी, अस्पतालको रेकर्ड, इत्यादि जस्ता तपाईंको नागरिकताको प्रमाण
- ❖ संयुक्त राज्यका नागरिक नभएको तर लाभहरूको लागि आवेदन दिने व्यक्तिहरूको अध्यागमन सम्बन्धी कागजात
- ❖ लाभहरूको लागि आवेदन दिने व्यक्तिहरूको सामाजिक सुरक्षा नम्बरहरू
- ❖ घरपरिवारका प्रत्येक सदस्यको आम्दानीको प्रमाण (चेक स्टब, सामाजिक सुरक्षा वा भेटेरन प्रशासनको पुरस्कार पत्र, बेरोजगारी लाभ, परिवार वा साथीहरूका योगदानहरू, बाल सहायता, इत्यादि)
- ❖ पछिल्लो महिनाको भाडाको रसिद वा धितो ऋण भुक्तानी पुस्तिका
- ❖ 60 वर्ष र सोभन्दा बढी भएका र/वा असक्षमता भएका व्यक्तिहरूको चिकित्सा बिलहरू
- ❖ बालबालिकाहरूको बालस्याहार रसिदहरू जसको आमाबुवाले विद्यालय वा प्रशिक्षणमा काम गर्नुहुन्छ
- ❖ तपाईंको परिस्थितिको आधारमा अतिरिक्त जानकारी र प्रमाण आवश्यक हुन सक्छ।

तपाईंले सुरुमा आवेदन दिँदा सबै जानकारी नभएमा, तपाईंलाई आवश्यक भएको प्रमाण उपलब्ध गराउनको लागि अन्तर्वार्ताको मितिदेखि 10 दिनको समय दिइन्छ।

अन्तर्वार्ता आधिकारिक र घरपरिवारका परिस्थितिहरूको गोपनीय छलफल हो। अन्तर्वार्ताकर्ताले जानकारी सजिलैसँग जम्मा र समीक्षा गर्नुहुँदैन तर अस्पष्ट वा अधुरो जानकारी अन्वेषण गरी समाधान गर्नुपर्छ।

तपाईंको घरपरिवारमा भएका व्यक्तिले हामीलाई सामाजिक सुरक्षा नम्बर वा अध्यागमनको स्थिति वा नागरिकता बारे जानकारी दिन चाहनुहुन्न भने, उक्त व्यक्ति फुड स्ट्याम्पहरूको लाभहरूको लागि योग्य हुनुहुनेछैन। घरपरिवारका अन्य सदस्य अझै पनि लाभहरूको लागि योग्य हुन सक्नुहुन्छ।

सामाजिक सुरक्षा नम्बर वा अध्यागमनको स्थिति दिन नचाहने व्यक्तिलाई होमल्याण्ड सुरक्षा विभाग Department of Homeland Security, संयुक्त राज्य नागरिकता तथा अध्यागमन सेवाहरू United States Citizenship and Immigration Services मा रिपोर्ट गरिन्न।

## तपाईं योग्य हनुहन्छ?

**तपाईं निम्न अवस्थामा फुड स्ट्याम्प (SNAP) को लागि योग्य हुन सक्नुहुन्छ:**

- तपाईं संयुक्त राज्यको नागरिक भएमा वा निश्चित कानूनी विदेशी स्थिति भएमा
- तपाईंले घरपरिवारका अवस्थाको प्रमाण बारे आवश्यक भएका सबै कागजातहरू उपलबध गराएमा
- तपाईं र/वा अन्य घरपरिवार सदस्यहरूले कार्य आवश्यकताहरूको अनुपालना गरेमा
- घरपरिवारको मासिक आम्दानीले घरपरिवारमा बस्ने मानिसको सङ्ख्याको आधारमा आय सीमाहरू ननाघेमा
- भाडा वा धितो ऋण भुक्तानी, उपयोगिता बिलहरू र केही अवस्थाहरूमा मेडिकल, बालस्याहार र बाल सहायता खर्चहरूको प्रमाण उपलब्ध गराएमा यिनीहरूलाई योग्यता निर्धारण प्रक्रियामा विचार गरिन्छ।

**फुड स्ट्याम्प (SNAP) लाभहरू प्राप्त गर्नको कति समय लाग्छ?**

आवेदनको प्रक्रिया गरिनुपर्छ र लाभहरू आवेदन दायर गरेको मितिदेखि 30 दिनभित्र उपलब्ध हुन्छ। तपाईंको घरपरिवारको थोरै वा कुनै पनि आम्दानी छैन र निश्चित मापदण्ड पूरा गर्नुहुन्छ भने, आवेदन प्रक्रिया गर्नुपर्छ र लाभहरू 7 दिनभित्र उपलब्ध हुन्छ। घरपरिवार SNAP लाभहरूको लागि योग्य छ वा छैन भनी उल्लेख गर्ने सूचना प्रत्येक घरपरिवारमा पठाइन्छ। योग्य भएमा, सूचनामा घरपरिवारले प्राप्त गर्ने लाभहरूको रकम र पुन: आवेदन दिनुअघि घरपरिवारले कहिलेसम्म लाभहरू प्राप्त गर्नुहुन्छ भन्ने कुरा उल्लेख हुन्छ।

**तपाईंले कति प्राप्त गर्नुहुनेछ?**

तपाईंले घरपरिवारले प्राप्त गर्ने लाभहरूको रकम तपाईंको फुड स्ट्याम्प घरपरिवारमा भएका व्यक्तिहरूको सङ्ख्या, घरपरिवारका आम्दानीको रकम र बजेटिङ प्रक्रियामा प्रयोग गरिएका कटौतीहरूको रकममा आधारित हुन्छ। आवेदन मितिले पहिलो महिनामा घरपरिवारद्वारा प्राप्त गरिएका लाभहरूको रकमलाई प्रभाव पार्छ। तपाईंको घरपरिवार योग्य हुँदासम्म, प्रत्येक महिना लाभहरू उपलब्ध गराइन्छ। तपाईंको फुड स्ट्याम्प केस बन्द भएतापनि तपाईंको EBT खातामा बाँकी रहेका लाभहरू प्रयोग हुँदासम्म प्राप्त गर्न सकिन्छ।

## तपाईं कहिलेसम्म फुड स्ट्याम्प (SNAP) लाभहरू प्राप्त गर्नुहुन्छ?

योग्य भएमा, तपाईंको घरपरिवारले पुन: आवेदन दिनुअघि एक महिनादेखि एक वर्षसम्म SNAP प्राप्त गर्न सक्नुहुन्छ। प्रमाणीकरण अवधिको पछिल्लो महिनामा, तपाईंको घरपरिवारले DFCS बाट अपोइन्टमेन्ट पत्र प्राप्त गर्नुपर्छ। पत्रमा तपाईंको प्रमाणीकरण अवधि समाप्त हुन लागेको छ र तपाईंको घरपरिवारले पुन: आवेदन दिनुपर्नेछ भनी तपाईंलाई बताइएको हुन्छ।

यो पत्रमा तपाईंको प्रतिक्रिया समयोचित भयो भने, तपाईंका घरपरिवार अझैपनि योग्य भएमा तपाईंका लाभहरू जारी राखिनेछ। तपाईंले यो पत्रमा प्रतिक्रिया जनाउनुभएन भने, तपाईंका लाभहरू रोकिनेछन्।

## तपाईंलाई फुड स्ट्याम्प (SNAP) लाभहरू कसरी जारी गरिन्छ?

लाभहरू इलेक्ट्रिक बेनेफिट ट्रान्सफर (EBT) कार्ड र व्यक्तिगत पहिचान नम्बर (PIN) प्रयोग गरी जारी गरिन्छ।

तपाईं लाभहरूको लागि सक्षम हुनुहुन्छ र घरको प्रमुखको रूपमा कहिल्यै पनि प्राप्त गर्नुभएन भने, तपाईंलाई EBT कार्ड पत्राचार गरेर पठाइनेछ। घरपरिवारले खाना खरिद गर्न अधिकारप्राप्त भण्डारहरूमा EBT कार्ड प्रयोग गर्छन्। खाना लाभ खरिदको कूल रकम चेकआउट काउन्टरमा निर्धारण गरिएको बेलामा, तपाईं पोइन्ट अफ सेल यन्त्र मार्फत आफ्नो EBT कार्ड स्वाइप गर्नुहोस् र आफ्नो PIN नम्बर प्रविष्ट गर्नुहोस्। खरिदको रकम तपाईंको कूल मासिक बाँडफाँडबाट काटिन्छ।

## घरपरिवारमा लाभहरू कहिले उपलब्ध हुन्छन्?

लाभहरू प्रत्येक महिना 5 देखि 23 सम्म EBT खातामा क्रेडिट हुन्छन्। तपाईंका लाभहरू पहुँच गर्न, तपाईंलाई आफ्नो EBT कार्ड र PIN आवश्यक हुन्छ। तपाईंको EBT कार्ड हरायो वा चोरी भयो वा तपाईंले आफ्नो PIN बिर्सनुभयो भने, EBT ग्राहक सेवा हेल्पलाइनलाई 1-888-421-3281 मा फोन गर्नुहोस्। तपाईंको हराएको वा चोरी भएको कार्ड रद्द हुनेछ। नयाँ EBT कार्ड र/वा PIN तपाईंको घरपरिवारका लागि जारी गरिनेछ। तपाईंको EBT खाता बारे अन-लाइनमा जानकारी प्राप्त गर्नको लागि, www.ebt.acs-inc.com मा लगइन गर्नुहोस्।

आफ्नो कार्ड नम्बर र व्यक्तिगत पहिचान नम्बर (PIN) प्रयोग गरेर, तपाईं निम्न गर्न सक्नुहुन्छ:
- आफ्नो वर्तमान खातामा रहेका बाँकी रकम जाँच गर्न
- आफ्नो कारोबार इतिहासको समीक्षा गर्न
- आफ्नो PIN परिवर्तन गर्न
- ग्राहक सेवामा सम्पर्क गर्न

तपाईंसँग आफ्ना जानकारीमा पहुँच गर्नको लागि आफ्नो कार्ड नम्बर तयार हुनुपर्छ। आफ्नो EBT कार्ड र PIN सुरक्षित स्थानमा राख्न सम्झनुहोस्। कसैले तपाईंको EBT कार्ड र PIN पाउनुभयो भने, उक्त व्यक्ति तपाईंका लाभहरू प्राप्त गर्न सक्षम हुनुहुन्छ। तपाईंको EBT खाताबाट लिइएका लाभहरू DFCS द्वारा प्रतिस्थापन गरिएका **छैनन्**।

**तपाईं फुड स्ट्याम्प (SNAP) लाभहरू कहाँ खर्च गर्न सक्नुहुन्छ?**

संयुक्त राज्य कृषि विभाग United States Department of Agriculture (USDA), खाद्यान्न तथा पोषण सेवाहरू Food and Nutrition Services (FNS) द्वारा अधिकार प्रदान गरिएका खाद्य पसलहरूले खाना खरिद गर्न EBT कारोबारहरू स्वीकार गर्न सक्छन्। धेरैजसो पसलहरूले फुड स्ट्याम्प लाभहरू खाद्य उत्पादनहरू खरिद गर्न प्रयोग गर्न सकिन्छ भनी सूचित गर्ने संकेत उपलब्ध गराउँछन्।

**खाद्य स्ट्याम्प (SNAP) लाभहरूले के-के खरिद गरिन्छ?**

लाभहरू तपाईंका घरपरिवारलाई खानको लागि खाना वा खाना बढाउने बिरूवा वा बिउहरू खरिद गर्न मात्र प्रयोग गर्न सकिन्छ। निश्चित खाना पूरकहरू जस्तै Ensure फुड स्ट्याम्प लाभहरू प्रयोग गरी खरिद गर्न सकिन्छ। पसलमा उपभोग गर्न डिजाइन नगरिएको आइस, पानी र चिसो वा कोठाको तापक्रमका खानेकुराहरू फुड स्ट्याम्प लाभहरूले खरिद गर्न सकिन्छ।

**खाद्य स्ट्याम्प (SNAP) लाभहरूले के-के खरिद गरिन्न?**

फुड स्ट्याम्प (SNAP) लाभहरू मदिराजन्य पेय पदार्थहरू, चुरोट वा सुर्ती, साबुन र कागजी उत्पादन, औषधि, भिटामिन, घरपालुवा जनावरका खाना वा कुनै पनि गैर-खाद्य सामग्रीहरू जस्ता घरपरिवारका आपूर्तिहरू खरिद गर्न प्रयोग गर्न सकिँदैन।

**तपाईंका अधिकारहरू के-के हुन्?**

**तपाईंसँग निम्न कुराको अधिकार छः**

- तपाईंले अनुरोध गरेको दिनमा आवेदन प्राप्त गर्न।
- तपाईंलाई अङ्ग्रेजी भाषा पढ्न, लेख्न, बोल्न वा बुझ्न समस्या छ भने यो फाराम भर्न र नि:शुल्क भाषा सहायता सेवाहरू (दोभाषे, अनुवाद गरिएका सामग्री वा प्रत्यक्ष भाषा सुविधा सेवाहरू) मा सहायता अनुरोध गर्ने।
- तपाईं वा तपाईंको परिवार मध्ये कसैलाई असक्षमता छ भने सहायक सामग्री र सेवाहरू र उचित परिमार्जनहरू अनुरोध गर्ने।

- तपाईंले आफ्नो आवेदन दायर गर्दा यो स्वीकार हुनुपर्ने।
- तपाईं फुड स्ट्याम्प कार्यालयमा जान सक्नुहुन्न भने तपाईंका घरपरिवारका लागि आवेदन दिन वयस्क रोज्न पाउने।
- तपाईं 60 वर्ष वा सोभन्दा बढी उमेरको वा असक्षमता भएको हुनुहुन्छ र तपाईंका लागि आवेदन दिने कसैलाई पनि फेला पार्न सक्नुहुन्न भने गृह भेट वा टेलिफोन अन्तर्वार्ता गर्ने।
- योग्य भएमा तपाईं आफ्नो आवेदन दायर गरको मितिको 30 दिनभित्र EBT कार्ड र PIN प्राप्त गर्ने वा
- शीघ्र सेवाहरूका लागि योग्य भएमा तपाईं आफ्नो आवेदन दायर गरको मितिको 5 दिनभित्र EBT कार्ड र PIN प्राप्त गर्ने।
- उमेर, लिङ्ग, जाति, रङ, अपाङ्गता, धार्मिक सिद्धान्त, राष्ट्रिय मूल वा राजनीतिक आस्थाको सम्बन्धी बिना निष्पक्ष व्यवहार प्राप्त गर्न।
- तपाईंको केसमा चालिएको कदममा तपाईंले असहमति जनाउनुहुन्छ भने निष्पक्ष सुनुवाइ गर्ने।
- आफ्नो केस फाइल र कार्यक्रमको नियमहरू परीक्षण गर्ने।
- लिखितमा रिपोर्ट नगरिएको परिवर्तनको कारणले तपाईंको लाभहरू घटेमा वा रोकिएमा पहिले नै सूचित गर्ने।

**तपाईंका जिम्मेवारीहरू के-के हुन्?**

- तपाईंले पूर्ण रूपमा सबै प्रश्नहरूको जवाफ दिनुपर्छ।
- तपाईं झूटो बयानको जरिवाना अन्तर्गत सबै जवाफहरू सही छन् भनी प्रमाणित गर्न आफ्नो नामको हस्ताक्षर गर्नुहोस्।
- तपाईंले आफू लाभहरूका लागि योग्य भएको प्रमाण उपलब्ध गराउनुपर्छ।
- आफ्नो फुड स्ट्याम्प लाभहरू बिक्री गर्ने, व्यापार गर्ने वा दिने नगर्नुहोस्।
- योग्य वस्तुहरू मात्र खरिद गर्न फुड स्ट्याम्प लाभहरू प्रयोग गर्नुहोस्।

**लाभहरू प्राप्त गर्दा तपाईंका घरपरिवारका रिपोर्टमा के-के परिवर्तन हुनुपर्छ?**

**सरलिकृत रिपोर्टिङ घरपरिवारहरू** – जर्जियामा भएका सबै फुड स्ट्याम्प (SNAP) घरपरिवारहरूसँग सरलिकृत रिपोर्टिङ आवश्यकताहरू छन्।

- यसको अर्थ तपाईंले आफ्नो घरपरिवारको जम्मा मासिक कूल आम्दानी तपाईंको घरपरिवारको आकारको लागि संघीय गरीबी स्तर 130% भन्दा बढी हुँदा रिपोर्ट गर्नुपर्छ।
- तपाईं बालबालिका नभएको 18-49 वर्ष बीचको उमेरको कार्य गर्ने वयस्क हो भने, तपाईंले आफ्नो कार्य समय हप्तामा 20 घण्टा, प्रति महिना औसत 80 घण्टा भन्दा कम हुँदा परिवर्तन भएको महिनाको अन्त्यको 10 दिन भित्रमा रिपोर्ट गर्नुपर्छ।
- तपाईंले आफ्नो परिवारले ठूलो **लोटरी र जुवा खेलमा विजय**प्राप्त गर्दा रिपोर्ट गर्नुपर्छ। यो एउटा खेलमा जितिने नगद उपहार हो। तपाईं वा परिवारको सदस्यले लोटरी वा जुवा खेलमा जितहरू,

$3750 वा सोभन्दा बढी कुल रकम (कर वा अन्य रकमहरू रोक्का गरिनुभन्दा अघि) प्राप्त गर्नुभएको छ भने, तपाईंले परिवारले जितहरूको रकम प्राप्त गरेको महिनाको अन्त्यको 10 दिनभित्र यी जितहरूको रकम बारे रिपोर्ट गर्नुपर्छ।

तपाईंको मामिला कार्यकर्ताले तपाईंलाई यो आवश्यकता व्याख्या गर्नुहुने छ। तपाईंले 1-877-423-4746 मा वा https://gateway.ga.gov/access/ मा भएको DFCS कल केन्द्रलाई परिवर्तनहरू रिपोर्ट गर्न सक्नुहुन्छ।

**नियमहरू तोड्नेका लागि दण्डहरू के-के हुन्?**

तपाईंले जानबुझेर गलत जानकारी उपलब्ध गराएको सम्बन्धमा आफ्ना लाभहरू गुमाउनु हुनेछ वा तपाईंलाई अपराधीको अभियोग लाग्न सक्छ।

- तपाईंको परिवार सदस्यले प्राप्त गर्न नहुने लाभहरू प्राप्त गर्नका लागि गलत जानकारी नदिनुहोस् वा जानकारी नलुकाउनुहोस्।
- अरूको फुड स्ट्याम्प (SNAP) वा EBT कार्डहरू प्रयोग नगर्नुहोस् र अन्य कसैलाई पनि आफ्नो कार्ड प्रयोग गर्न नदिनुहोस्।
- मदिरा वा चुरोटहरू जस्ता गैर-खाद्य वस्तुहरू खरिद गर्न वा क्रेडिट कार्डमा भुक्तानी गर्नको लागि फुड स्ट्याम्पहरू (SNAP) प्रयोग नगर्नुहोस्।
- तोपहरू, युद्ध सामग्री वा नियन्त्रित पदार्थ (गैरकानूनी लागू औषधहरू) जस्ता गैर-कानूनी वस्तुहरूको लागि फुड स्ट्याम्प (SNAP) वा EBT कार्डहको व्यापार वा बिक्री नगर्नुहोस्।

**कुनै घरायसी सदस्यले स्थायी रूपमा एक वर्षको लागि फूड स्ट्याम्प कार्यक्रमबाट निषेधित हुन सक्ने उद्देश्यका कुनै फुड स्ट्याम्प नियमहरू उल्लङ्घन गर्छ भने,**
**$250,000 सम्म जरिवाना लाग्नेछ, 20 वर्षसम्म कैद गरी राखिनेछ वा दुवै हुनेछ। उहाँलाई अन्य उपयुक्त संघीय र राज्यको कानून अन्तर्गत अभियोग लाग्न सक्छ। अदालतले आदेश दिएमा उहाँलाई थप 18 महिनाको लागि फूड स्ट्याम्प कार्यक्रमबाट निषेधित गर्न पनि सकिन्छ।**

**कुनै घरायसी सदस्यले जानाजान तरिकाले नियमहरू उल्लङ्घन गरेमा सुरुको अपराधको लागि एक वर्ष, दोस्रो अपराधको लागि दुई वर्ष र तेस्रो अपराधको लागि स्थायी रूपमा फुड स्ट्याम्पहरू पाउन नसक्ने हुन्छ।**

**अदालतले तपाईं वा कुनै घरायसी सदस्यले नियन्त्रित वस्तुको बिक्री संलग्न कारोबारमा फुड स्ट्याम्प लाभहरू प्रयोग वा प्राप्त गरिरहेको अपराध पत्ता लगाउँछ भने, तपाईं वा उक्त घरायसी सदस्य सुरुको अपराधको लागि दुई वर्ष र दोस्रो अपराधको लागि स्थायी रूपमा लाभहरूका लागि योग्य हुन हुनेछैन।**

**कानूनी अदालतले तपाईं वा कुनै घरायसी सदस्य तोपहरू, युद्ध सामग्री वा विस्फोटक पदार्थको बिक्रीमा संलग्न कारोबारमा लाभहरू प्रयोग वा प्राप्त गरेको दोषी ठहर गर्छ भने, तपाईं वा उक्त घरायसी सदस्य यो उल्लङ्घनको सुरुको अपराधमा फूड स्ट्याम्प कार्यक्रममा सहभागी हुन स्थायी रूपमा अयोग्य हुनु हुनेछ।**

**कानूनी अदालतले तपाईं वा कुनै घरायसी सदस्य $500 को समग्र रकम वा सोभन्दा धेरै रकमको लागि अवैध व्यापारका लाभहरू अपराधी ठहर हुन्छन् भने, तपाईं वा उक्त घरायसी सदस्य यो उल्लङ्घनको सुरुको अपराधमा फूड स्ट्याम्प कार्यक्रममा सहभागी हुन स्थायी रूपमा अयोग्य हुनु हुनेछ।**

**तपाईं वा कुनै घरपरिवारका सदस्यले धेरै फुड स्ट्याम्प लाभहरू प्राप्त गर्नका लागि पहिचान वा बासस्थान (तिनीहरू बस्ने ठाउँ) को सम्बन्धमा जाली बयान वा विवरण दिएमा, तपाईं वा उक्त घरपरिवारका सदस्य 10 वर्षको अवधिसम्म फुड स्ट्याम्प कार्यक्रममा सहभागी हुन अयोग्य हुनु हुनेछ।**

## ADA /धारा 504 का अधिकारहरूको सूचना

### असक्षमता भएका मानिसहरूको लागि मद्दत

संघीय कानून* अनुसार Georgia Department of Human Services र Georgia Department of Community Health ("विभागहरू") लाई असक्षमता भएका व्यक्तिहरूलाई विभागका कार्यक्रम, सेवा वा क्रियाकलापहरूमा सहभागी हुन र योग्य ठहर हुन समान अवसर उपलब्ध गराउन आवश्यक पर्छ। यसमा SNAP, TANF र चिकित्सा सहायता जस्ता कार्यक्रमहरू समावेश हुन्छन्।

असक्षमतामा आधारित भेदभाव रोक्नको लागि परिमार्जनहरू आवश्यक हुँदा विभागहरूले उचित परिमार्जनहरू उपलब्ध गराउँछन्। उदाहरणका लागि, हामीले समान पहुँच उपलब्ध गराउनका लागि नीति, अभ्यास वा प्रक्रियाहरू परिवर्तन गर्न सक्छौं। समान रूपमा प्रभावकारी हुने सञ्चार सुनिश्चित गर्नको लागि, हामीले असक्षमता भएका व्यक्ति वा उनीहरूका सहयोगीहरूलाई साङ्केतिक भाषा दोभाषेहरू जस्ता असक्षमता सञ्चार सहायता उपलब्ध गराउँछौं। हाम्रो मद्दत निःशुल्क छ। विभागहरूलाई सेवा, कार्यक्रम वा क्रियाकलापको प्रकृतिमा आधारभूत परिवर्तन हुने वा अनावश्यक वित्तीय तथा प्रशासनिक बोझहरू निम्तिने कुनै पनि परिमार्जन गर्न आवश्यक हुँदैन।

## उपयुक्त परिमार्जन वा सञ्चार सहायता कसरी अनुरोध गर्ने

तपाईं असक्षम हुनुहुन्छ र तपाईंलाई उचित परिमार्जन, सञ्चार सहायता वा अतिरिक्त मद्दत आवश्यक हुन्छ भने, कृपया आफ्नो मामिला कार्यकर्तालाई सम्पर्क गर्नुहोस्। उदाहरणको लागि, तपाईंलाई साङ्केतिक भाषा दोभाषे जस्तो प्रभावकारी सञ्चारको लागि सहयोग वा सेवा आवश्यक भएमा फोन गर्नुहोस्। तपाईंले आफ्नो अनुरोध गर्नको लागि आफ्नो मामिला कार्यकर्तालाई सम्पर्क गर्न वा DFCS लाई 404-657-3433 मा वा DCH लाई 678-248-7449 मा फोन गर्न सक्नुहुन्छ। तपाईं आफ्नो स्थानीय DFCS कार्यालयमा वा https://dfcs.georgia.gov/adasection-504-and-civil-rights मा अनलाइनमा उपलब्ध DFCS ADA उचित परिमार्जन अनुरोध फाराम प्रयोग गरी आफ्नो अनुरोध राख्न पनि सक्नुहुन्छ वा तपाईं DCH Katie Becket Team कार्यालयमा वा https://medicaid.georgia.gov/programs/all-programs/tefrakatie-beckett मा अनलाइनमा DCH ADA उचित परिमार्जन अनुरोध फाराम प्राप्त गर्न सक्नुहुन्छ तर तपाईंले फाराम प्रयोग गर्नुपर्दैन।

## उजुरी कसरी दायर गर्ने

विभागहरूले तपाईंको असक्षमताको कारण तपाईं विरूद्ध भेदभाव गरेको छ भने, तपाईंसँग उजुरी गर्ने अधिकार हुन्छ। उदाहरणका लागि, तपाईंले उचित परिमार्जन वा साङ्केतिक भाषा दोभाषेको अनुरोध गर्नुभयो जुन अस्वीकार गरिएको छ वा उपयुक्त समय भित्रमा कार्य गरिएको छैन भने, तपाईं भेदभावसम्बन्धी उजुरी दायर गर्न सक्नुहुन्छ। तपाईं आफ्नो मामिला कार्यकर्तालाई, आफ्नो स्थानीय DFCS कार्यालयमा वा 2 Peachtree Street N.W., Ste 19-454, Atlanta, GA, 30303, 404-657-3735 मा DFCS नागरिक अधिकारहरू, ADA/धारा 504 संयोजकलाई सम्पर्क गरेर मौखिक वा लिखित रूपमा उजुरी दायर गर्न सक्नुहुन्छ। DCH को लागि, KB TEAM ADA/धारा 504 संयोजकलाई 2211 Beaver Ruin Road Suite 150, Norcross, GA, 30071, वा P.O Box 172, Norcross, GA, 30091, 678-248-7449.

तपाईं DFCS नागरिक अधिकारहरूको उजुरी फारामको प्रतिलिपिको लागि आफ्नो मामिला कार्यकर्तालाई अनुरोध गर्न सक्नुहुन्छ। उजुरी फाराम https://dfcs.georgia.gov/adasection-504-and-civil-rights मा पनि उपलब्ध छ।

तपाईंलाई भेदभावसम्बन्धी उजुरी दायर गर्न मद्दत आवश्यक पर्छ भने, तपाईंले माथि सूचीबद्ध DFCS को कर्मचारीलाई सम्पर्क गर्न सक्नुहुन्छ। कान नसुन्ने वा सुन्नमा कठिनाइ हुने वा बोल्ने असक्षमताहरू हुनसक्ने व्यक्तिहरूले हामीसँग जोडिनको लागि सञ्चालकलाई 711 मा फोन गर्न सक्नुहुन्छ।

तपाईं उपयुक्त संघीय निकायहरूसँग भेदभावसम्बन्धी उजुरी दायर गर्न सक्नुहुन्छ। संयुक्त राज्य अमेरिका कृषि विभाग (USDA) र संयुक्त राज्य अमेरिका स्वास्थ्य तथा मानव सेवा विभाग (HHS) का सम्पर्क जानकारी "USDA-HHS को संयुक्त गैर-भेदभाव कथन" मा समावेश गरिएको छ।

**1973 को पुनर्सुधार ऐनको धारा 504; 1990 को असक्षमताहरू भएका अमेरिकीहरूको ऐन; र 2008 को असक्षमताहरू भएका अमेरिकीहरूको संशोधन ऐनले असक्षमताहरू भएका व्यक्तिहरू गैर-कानूनी भेदभावबाट मुक्त छन् भनी सुनिश्चित गर्छ।*

**मानव सेवा विभाग (DHS)** अन्तर्गत, तपाईंले आफ्नो स्थानीय DFCS कार्यालयमा वा 2 Peachtree Street N.W., Ste 19-454, Atlanta, GA, 30303, 404-657-3735 मा DFCS नागरिक अधिकारहरू, ADA/धारा 504 संयोजकलाई सम्पर्क गरेर अन्य भेदभावसम्बन्धी उजुरीहरू पनि दायर गर्न सक्नुहुन्छ। सीमित अङ्ग्रेजी निपुणताको आधारमा भेदभावको अभियोग लगाउने उजुरीहरूका लागि, DHS सीमित अङ्ग्रेजी निपुणता तथा संवेदक असक्षमता कार्यक्रम (Limited English Proficiency and Sensory Impaired Program) लाई निम्नमा सम्पर्क गर्नुहोस्: Two Peachtree Street, N.W., Suite 29-103 N.W., Atlanta, GA 30303 वा 404-657-5244 (भ्वाइस), 404-463-7591 (TTY), 404-651-6815 (फ्याक्स) मा फोन गर्नुहोस्।

**सामुदायिक स्वास्थ्य विभाग (Department of Community Health) (DCH)** नीति अन्तर्गत, चिकित्सा सहायता कार्यक्रमहरूले तपाईंको जाति, उमेर, लिङ्ग, असक्षमता, मूल राष्ट्र वा धार्मिक आस्थाको आधारमा तपाईंका योग्यता वा लाभहरू अस्वीकार गर्न सक्दैनन्।

मेडिकेड योग्यता वा प्रदायक भेदभाव बारे रिपोर्ट गर्नको लागि, सत्यनिष्ठा कार्यक्रमको जर्जिया सामुदायिक स्वास्थ्य विभागको (Georgia Department of Community Health) कार्यालय **(स्थानीय 404-463-7590) वा (टोल फ्रि) 800-533-0686** मा फोन गर्नुहोस्। तपाईं (टोल फ्री) 1-800-533-0686 मा फोन गरेर शंकास्पद मेडिकेड ठगी बारे पनि रिपोर्ट गर्न सक्नुहुन्छ।

## गैर-भेदभावको कथन

संघीय मानव अधिकार र संयुक्त राज्य अमेरिका कृषि विभाग (USDA) का नागरिक अधिकारहरूका नियमन र नीतिहरूको अनुसार, यसका निकाय, कार्यालय र कर्मचारी र USDA कार्यक्रमहरूमा सहभागी हुने वा प्रबन्ध गर्ने संस्थाहरूलाई USDA द्वारा सञ्चालन गरिएको वा अनुदान उपलब्ध गराइएको कुनै पनि कार्यक्रम वा क्रियाकलापमा पूर्व नागरिक अधिकारको लागि जाति, वर्ण, राष्ट्रिय मूल, लिङ्ग, धार्मिक सिद्धान्त, अपाङ्गता, उमेर, राजनैतिक विचारहरू वा प्रतिशोध वा प्रतिकारको आधारमा भेदभाव गर्ने काम निषेधित गरिएको छ।
कार्यक्रमसम्बन्धी जानकारीको लागि वैकल्पिक सञ्चारको माध्यम (उदाहरण, ब्रेल, ठूलो प्रिन्ट, अडियो टेप, अमेरिकी साङ्केतिक भाषा, आदि) आवश्यक पर्ने अशक्तता भएका व्यक्तिहरूले लाभहरूको लागि आवेदन गरेको निकाय (राज्य वा स्थानीय) मा सम्पर्क गर्नुपर्छ। कान नसुन्ने, कम सुन्ने वा बोल्नमा

असक्षमता भएका व्यक्तिहरूले (800) 877-8339 मा संघीय रिले सेवा मार्फत USDA लाई सम्पर्क गर्न सक्नुहुन्छ। यसका साथै, कार्यक्रमसम्बन्धी जानकारी अङ्ग्रेजी बाहेकका अन्य भाषाहरूमा पनि उपलब्ध गराउन सकिन्छ।

भेदभावसम्बन्धी उजुरी दायर गर्न, निम्न अनलाइनमा फेला परिने USDA कार्यक्रम भेदभाव उजुरी फाराम, (AD-3027) पूरा गर्नुहोस्: https://www.usda.gov/oascr/how-to-file-a-program-discrimination-complaint र कुनै USDA को कार्यालयमा वा USDA लाई सम्बोधित एउटा पत्र लेख्नुहोस् र यो फाराममा अनुरोध गरिएका सम्पूर्ण जानकारी पत्रमा उपलब्ध गराउनुहोस्। गुनासो फारामको एक प्रतिलिपि अनुरोध गर्नको लागि, (866) 632-9992 मा फोन गर्नुहोस्। तपाईंले भर्नुभएको फाराम वा पत्रलाई निम्न तरिकाले USDA मा पेश गर्नुहोस्:

1. मेल: U.S. Department of Agriculture
   Office of the Assistant Secretary for Civil Rights,
   1400 Independence Avenue, SW
   Washington, D.C. 20250-9410;

2. फ्याक्स: (202) 690-7442; वा

3. इमेल: program.intake@usda.gov.

यो संस्था समान अवसर प्रदायक हो।